२०८३ कात्तिक १६ गते बसेको सचिव बैठकका निर्णयहरू

१. चालु आर्थिक वर्ष २०८३/८४ को वार्षिक कार्ययोजना र नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि तयार गरिएको विस्तृत कार्यान्वयन योजना (Detail Implementation Plan)को सम्बन्धित सचिवले समयवद्ध र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने।

२. महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेख भएका बेरुजु फछ्यौंट गर्न महालेखा परीक्षकको कार्यालय, सार्वजनिक लेखा समिति र बेरुजु फछ्यौंट अनुगमन समितिसँग समन्वय गरी सबै मन्त्रालय तथा निकायले बेरुजु फछ्यौंट तथा न्यूनीकरण कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने, गराउने।

३. उपभोक्ता ठगी, मिसावट, कृत्रिम अभाव जस्ता अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप नियन्त्रण गरी अत्यावश्यक वस्तुको सहज आपूर्ति सुनिश्चित गर्न र उपभोक्ता हकहित संरक्षण गर्न सम्बन्धित निकायले सघन बजार अनुगमन गर्ने।

४. तिहार तथा छठ लगायतका चाडपर्वका समयमा हुन सक्ने झै-झगडा तथा विवादको निगरानी गरी शान्ति सुरक्षालाई चुस्त दुरुस्त राख्ने व्यवस्था गृह मन्त्रालयले मिलाउने।

५. सार्वजनिक निकायले मालसामान, निर्माण तथा सेवा खरिद गर्दा स्वदेशी उत्पादनको प्रयोग र प्रवर्धन सम्बन्धी निर्देशिका, २०८३ मा उल्लिखित प्रावधानको प्रभावकारी कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने।

६. सेवाग्राहीलाई अनावश्यक आर्थिक भार न्यून गर्ने, प्रशासनिक झन्झट कम गर्ने तथा सेवा प्राप्त गर्न लाग्ने समय घटाउने उद्देश्यले नेपाल सरकार, मन्त्रिपरिषद्बाट हालै स्वीकृत भएको सरकारी निर्णय प्रक्रिया (सरलीकरण तथा डिजिटल बनाउने) सम्बन्धी नियमावली, २०८३ को कार्यान्वयन सबै मन्त्रालय तथा निकायले गर्ने, गराउने।

७. नागरिकले सरल, सहज र प्रभावकारी ढङ्गले सेवा पाउने सुनिश्चितताका लागि नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने कार्यालयहरूमा एकल विन्दु सेवाको प्रबन्ध गरी नागरिक मैत्री (Citizen Friendly) सेवा प्रवाह गर्ने।

२०८३।६।१६

मुख्य सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं